नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

नेपाल सरकार
प्रदेश प्रमुख
सुदुरपश्चिम प्रदेश
धनगढी, नेपाल

## ईद (ईद उल फित्र) पर्व, २०८२ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्वीहरुको महान् पर्व ईद (ईद उल फित्र) को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदिवहिनी तथा दाजुभाइहरुमा सुख, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

अरबी पात्रो (हिजरी सम्वत्) अनुसार इस्लाम धर्मावलम्वीहरुको महान् पर्व इद उल फित्र पवित्र रमजान महिनाको अन्तिम दिनमा पर्दछ। चन्द्रमाको आकार यो पर्व निर्धारणमा एकदम महत्वपूर्ण हुन्छ, त्यसकारण पनि इस्लामिक रीति अनुसार रमजानको अन्तिम दिन साँझमा सवैले चन्द्रमा हेर्ने गर्दछन् र जब हिजाल अर्थात अर्ध चन्द्राकार चन्द्रमा आकाशमा देखिन्छ तब मात्र रमजान महिनाको कठिन व्रतको समापन र इद उल फित्र पर्वको प्रारम्भ हुने गर्दछ ।

इस्लाम धर्मावलम्वीहरुले यस पर्वमा आफ्नो गच्छेअनुसार दान (फित्रा) दिने, नयाँ लुगा लगाई इदगाहमा गई नमाज पढ्ने गर्दछन्। साथै एक आपसमा रहेको रिसराग र द्वेषलाइ बिर्सेर एक आपसमा खुसी साटासाट एवम् शुभकामना आदानप्रदान गर्दै आपसी सद्भाव भाइचारा र पारिवारिक मिलनको रुपमा खुसी र हर्षोल्लासपूर्वक यो पर्व मनाउने गरिन्छ।

अन्तमा, यस पर्वले सम्पूर्ण नेपालीहरुका विचमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एवम् भाइचाराको भावनाका साथै राष्ट्रिय एकताको सोच अभिवृद्धि गर्न प्रेरणा मिलोस् भन्ने कामना गर्दै पुनः शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!
२०८२ चैत्र ०७ गते, शनिवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख